तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ

लुम्बिनी प्रदेश, नेपाल २०७३

पत्र संख्या: ०८२/०८३

चलानी नः

मितिः २०८२।०६।०५

## हलुका सवारी साधन भाडामा लिने सम्वन्धी सार्वजनिक सूचना

प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०६/०५

यस तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय तुलसीपुर दाङलाई आवश्यक हलुका सवारी साधन भाडामा लिनु पर्ने भएकोले चालक र इन्धन वाहेक कर रकम सहित मासिक भाडा रु. ८०,०००।– (अक्षरुपी असी हजार मात्र ) मा नवढ्ने गरी घटाघटको आधारमा प्रतिस्पर्धा हुने गरी इच्छुक तथा योग्य सवारीधनीले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तल उल्लेखित शर्त तथा विवरण सहितको प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ ।

१. आवश्यक सवारी विवरण:

(क) प्रकार: स्कारपियो

(ख) सिट संख्या: ७

(ग) इन्धन प्रकार: डिजेल

(घ) मोडेल: सन् २०१५ भन्दा पछाडिको ।

(ङ) अन्य सुविधा: एसी तथा राम्रो कन्डिसन भएको

२. आवश्यक कागजातहरु:

(क) सवारी साधनको व्लूवुकको प्रतिलिप

(ख) फूलविमाको प्रमाणपत्र

प्रमुख प्रशासकीय अधिकृत

३. अन्य शर्तहरुः

(क) प्रस्ताव पेश गर्दा सम्वन्धित गाडीको चालु वर्षको विमा वुझाई सकेको हुनुपर्नेछ ।

(ख) सवारी साधन कम्तिमा ३ (तीन) महिनाको लागि उपलव्ध गराउनु पर्नेछ साथै कार्यालयको आवश्यकता अनुसार समयावधी थप गर्न सकिनेछ ।

(ग) सवारीधनीले प्रस्ताव पेश गर्दा मासिक कवोल रकमको १० प्रतिशत रकम धरौटी वाफत अग्रिम वुझाउनु पर्नेछ ।

(घ) भाडामा प्रयोजन भएको गाडी मर्मत गर्नु पर्ने भएमा सो अवधीमा सवारीधनीले कवोल रकममा नै अर्को गाडीको व्यवस्था गर्नु पर्नेछ ।

(ङ) भाडामा प्रयोजन भएको गाडी मर्मत गर्नु पर्ने भएमा मासिक रु.५०००।–सम्मको खर्च कार्यालयले र वांकी खर्च सवारीधनीले नै गर्नु पर्नेछ ।

(च) भाडामा प्रयोजन भएको गाडी सर्भिस गर्नु परेमा सो खर्च कार्यालयले व्यहोर्नेछ ।

(छ) अन्य कुराको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner